पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २७ गते, २०८१ साल (संख्या १७

## भाग २

### पोखरा महानगरपालिका

## राष्ट्रिय विभूति तथा शहिद उद्यान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावना**ः पोखरा महानगरपालिकामा रहेका प्राकृतिक तथा सांस्कृति सम्पदाको संरक्षण गर्न, नेपाल राष्ट्रको अग्रगमन एवं जनअधिकार स्थापित गर्ने महान शहिदहरु तथा राष्ट्रिय विभूतिको योगदानको उच्च सम्मान गर्दै, पर्यटकीय राजधानीको एक आर्कषण गन्तव्य निर्माण गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ दफा ५ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "राष्ट्रिय विभूति तथा शहिद उद्यान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) "स्थानीय तह" भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ङ) "उपप्रमुख" भन्नाले पोखरा महानगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले यस कार्यविधि बमोजिम बनेका समितिहरुलाई सम्झनु पर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले पोखरा महानगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

(ट) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ठ) "उद्यान" भन्नाले राष्ट्रिय विभूति तथा शहिद उद्यान सम्झनु पर्छ।

(ड) "नगर सभा" भन्नाले पोखरा महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ढ) "आर्थिक ऐन" भन्नाले पोखरा महानगरपालिकाको आर्थक ऐनलाई सम्झनु पर्छ।

**परिच्छेद–२**

**उद्यान कार्य र संचालन सम्बन्धी व्यवस्था**

३. **संरक्षक समितिको गठन :** (१) पोखरा महानगरपालिकावाट राष्ट्रिय विभूति तथा शहिद उद्यान सम्बन्धी देहाय बमोजिमको एक संरक्षक समिति रहनेछ।

(क) प्रमुख -प्रमुख संरक्षक

(ख) उपप्रमुख -संरक्षक

(ग) प्रमुख प्रशासकिय अधिकृत -संरक्षक

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष -संरक्षक

४. **संरक्षक समितिको बैठक सम्बन्धी व्यवस्था :-**

(क) समितिको बैठक सामान्यतया दुई महिनाको एक पटक बस्नेछ तर बैठकको

आवश्यकता महशुस भएमा जुनसुकै बखत पनि बस्न सक्नेछ। समितिका पदाधिकारी वा सदस्यलहरुले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन ।

(ख) बैठक प्रमुख संरक्षकको आदेशले सम्बन्धित वडाको वडा अध्यक्षले बोलाउने छ ।

५. **संरक्षक समितिको काम, कर्तव्य र अधिकार :**

(क) उद्यान व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा गरी आवश्यक निर्देशन दिने ।

(ख) उद्यान व्यवस्थापन तथा सरसफाई कार्यका लागि व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) उद्यानलाई अवलोकन योग्य बनाई पर्यटकीय केन्द्रको आकर्षण बनाउन गर्न पहल गर्ने ।

(घ) उद्यानको विकास र प्रवर्द्धनका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग सहजीकरण र समन्वय कायम गर्ने ।

६. **उद्यान संचालन तथा व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था :** (१) उद्यान व्यवस्थापन समितिका पदाधिकारी प्रमुखले मनोनयन गर्नेछ । मनोनयन गर्दा देहायको बमोजिमको प्रतिनिधित्व हुने गरी समिति गठन गर्न सक्नेछ ।

(क) प्रमुखले मनोनित एक जना -अध्यक्ष

(ख) सामाजिक क्षेत्रमा क्रियाशिल व्यक्ति मध्येबाट एक जना महिला सहित गरी दुईजना -उपाध्यक्ष

(ग) उद्यान निर्माणमा योगदान गरेका व्यक्तिहरुमध्येबाट दुई जना -सदस्य

(ङ) नगर सभा सदस्य मध्ये एक जना -सदस्य

(च) वन,वातावरण एवं पर्यावरण क्षेत्रको विज्ञ एक जना -सदस्य

(छ) सम्बन्धित वडाले सिफारिस गरेको एक जना -सदस्य

(ज) सहिद परिवार वा जनआन्दोलन घाइते मध्येबाट एकजना -सदस्य

(झ) दलित, आदिवासी जनजाती मध्येबाट जना -सदस्य

(ञ) महानगरपालिका वातावरण हेर्ने महाशाखा प्रमुख -सदस्य सचिव

(२) (क) उद्यान संचालन तथा व्यवस्थापन समितिका मनोनित पदाधिकारीहरुको कार्यकाल तिन वर्षको हुनेछ ।

(ख) कुनै कारणवस समितिका अध्यक्ष वा सदस्यको पद रिक्त भएमा तिन महिना भित्र नगर प्रमुखले मनोनित गर्नुपर्दछ ।

(३) (क) देहायको योग्यता भएको व्यक्ति समितिको अध्यक्ष पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(अ) नेपाली नागरिक

(आ) २५ वर्ष उमेर पुरा भएको

(इ) कम्तिमा स्नातक तह उत्तिर्ण गरेको

(ई) सामाजिक क्षेत्रमा अनुभव भएको

(उ) कुनैपनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसुरमा दोषी ठहर नभएको

(ऊ) सार्वजनिक पदमा वहाल नभएको ।

(ख) देहायको योग्यता  भएको व्यक्ति समितिको सदस्य पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(अ) पच्चिस वर्ष उमेर पुरा भएको

(आ) सामाजिक क्षेत्र सम्बन्धी अनुभव भएको

(इ) कुनै फौजदारी अभियोग एवं नैतिक पतन हुने कसुर गरी दोषी ठहर नभएको

(ई) सार्वजनिक पदमा वहाल नभएको ।

(ग) देहायको अवस्थामा समितिका अध्यक्ष एवं सदस्यहरुको पदावधि समाप्त भएको मानिनेछ

(अ) मृत्यु भएमा

(आ) पदबाटराजिनामा दिई स्वीकृत भएमा

(इ) विना सूचना समितिको बैठकमा लगातार तीन पटक भन्दा बढी अनुपस्थित भएमा

(ई) उद्यानको हित विपरीत हुने क्रियाकलाप गरेमा

(उ) प्रमुखले अध्यक्ष तथा मनोनित सदस्यहरुको हकमा पदबाट हटाउने निर्णय गरेमा

(ऊ) कुनैपनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसुरमा दोषी ठहर भएमा

(ॠ) मनोनितलाई पदबाट हटाउनुपूर्व सफाई पेश गर्नका लागि मनासिव माफिकको समय दिईनेछ ।

७. <u>**उद्यान संचालन समितिकको काम कर्तव्य र अधिकार**</u> देहाय बमोजिमको हुनेछ ।

(क) उद्यान संचालन तथा व्यवस्थापन संरक्षक समितिको सरसल्लाहमा गर्ने ।

(ख) महानगरपालिकाले तोकेको काम सम्पन्न गर्न आवश्यक समन्वय गर्ने ।

(ग) उद्यानको सक्षण एवं निर्माण, मर्मतको योजना तयारी पारी कार्यान्वयन गर्ने ।

(घ) उद्यानको रेखदेख एवम संरक्षण गर्ने

(ङ) उद्यान निर्माण, मर्मत संभार र संरक्षणमा आवश्यक समन्वय गर्ने

(च) उद्यानबाट फोहोर संकलन र सो व्यवस्थापन सहजीकरण गर्ने ।

(छ) समितिको बैठक भत्ता महागरपालिकाको अन्य समितका पदाधिकारीहरुले पाए सरह बैठक भत्ता महानगरपालिकाबाट पाउने छन ।

## परिच्छेद–३

## उद्यान सेवा शुल्क र मर्मत संभार सम्बन्धी व्यवस्था

८. **उद्यान सेवा शुल्क सम्बन्धि व्यवस्था :** (१) आर्थिक ऐनले तोके बमोजिम देहाय बमोजिमका उद्यान सेवा शुल्क लिन सकिनेछ। संकलन भएको शुल्का महानगरपालिको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(क) उद्यान प्रवेश तथ सरसफाई, सभाकक्षा प्रयोग, खाजाघर (क्याफे), पिकनिक स्पट प्रयोग गरेवापत, अन्य सेवा शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(ख) आर्थिक ऐन देखि बाहेक अन्यत्रबाट शुल्क तोक्न सकिनेछैन कुनै विषमा शुल्क तोक्नु आवश्यक भएमा नगर कार्यपालिकाले बैठकले तोके बमोजिम शुल्क निर्धारण गर्न सक्नेछ।

(ग) उद्यान भित्र निर्मित संरचनाको बहालमा दिने व्यवस्था महानगरपालिकाको हुनेछ।

(घ) उद्यानमा विद्युत, पिउने पानीको व्यवस्थापन, सुरक्षा प्रवन्ध, फूलबारी, बगैचाको हेरचाहका लागि मालीको व्यवस्थापन, निर्माण तथा मर्मत संभार महानगरपालिकाले सक्नेछ।

## परिच्छेद–४

## विविध

९. **बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।

१०. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका यस कार्यविधिमा लेखिएका विषयहरु बाझिएको हद सम्म अमान्य हुनेछ अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

११. **बचाउ :** यस अघि भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणीकरण मिति**

२०८१।०८।१४

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकिय अधिकृत**